# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल


पत्र संख्या :- ०७७/७८
चलानी नं :- ४४५

**प्राबिधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७७-०६-०७ गते**

प्रस्तुत बिषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं.२०७७/७८ च.नं. २३ मिति २०७७/०४/१२ को पत्रानुसार यस टोखा नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि प्राबिधिक सहायक २०७८ असार मसान्त सम्म करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमको बिवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०४/०७७/७८ | प्राबिधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :

क. सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको

ख. अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान सुपरिवेक्षण र अन्तिम लागत बिवरण तयार गर्न सक्ने र बिश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

ग. उमेर : कम्तीमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थान : टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मैजुहिटी काठमाडौं।

३. दरखास्त दिने अन्तिम मिति : २०७७/६/२१ गते सम्म

४. आवेदनको दस्तुर : रु ६००

५. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा, गाउँपालिका तथा नगरपालिकामा प्राबिधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया बमोजिम।

६. आवेदन साथ संलग्न कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपी

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुबिधा : गाउँपालिका तथा नगरपालिकामा प्राबिधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा ११ १२ र १३ बमोजिम हुनेछ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यबिवरण : गाउँपालिका तथा नगरपालिकामा प्राबिधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा ९ बमोजिम हुनेछ।

नोट : आवेदनको ढाँचा र प्राबिधिक सहायक पदको कार्यबिवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।

अनिल प्रसाद जोशी
प्रशासकीय अधिकृत